# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०२।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला, कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. २, १९ र कृष्णपुर नगरपालिका वडा नं. ६ मा आर्थिक बर्ष २०७३/०७४ मा पोष्ट हार्भेष्ट सेन्टर र कष्टम हायरिङ सेन्टर स्थापनाको लागि सञ्चालक समितिमा निकासा भएको रकम समितिले किसानहरुसँग छलफल नै नगरी आफूखुसी कृषि सामग्री खरिद गरी आर्थिक अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धानजोन कार्यक्रम अन्तर्गत संचालित कार्यक्रमहरु रहेकोमा शुक्लाफाँटा कृषि सहकारीद्वारा सञ्चालित कष्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्ट सेन्टर स्थापनाका लागि आवश्यक कृषि सामानहरु खरिद गर्दा तत्कालीन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई धानजोन कन्चनपुरका कार्यालय प्रमुख बरिष्ठ कृषि अधिकृत **टंकप्रसाद रिजाल**समेतले ट्र्याक्टरहरुको अस्वाभाविक बढी मुल्याङ्कन गरी बढी इष्टिमेट बनाई कष्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्ट सेन्टरका लागि ६०HP को २ वटा र ५०HP को १ वटा ट्र्याक्टर गरी जम्मा ३ वटा ट्र्याक्टरहरको अस्वाभाविक बढी मुल्यको कोटेशन तयार गरी सोबापत जम्मा रु.१६,३५,०००।— बढी मुल्यमा ट्र्याक्टरहरु खरिद गरेको पुष्टि हुन आएकोले निज **टंकप्रसाद रिजाल**को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिम मालसामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभविक बढी मुल्य तिरी खरिद गरे/गराएको कसुरमा बिगो रु.१६,३५,०००।—(सोह्र लाख पैंतीस हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिने तथा धानजोन संचालक समितिका **संयोजक तथा शुक्लाफाटाँ कृषि सहकारी अध्यक्ष दशरथ भण्डारी**को हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिम मालसामान खरिद गर्दा गुणस्तरहीन, म्याद नाघेको र अस्वाभविक बढी मुल्य तिरी खरिद गर्ने गराउने कसुरमा बिगो रु.१६,३५,०००।—(सोह्र लाख पैंतीस हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई कार्यालय, कञ्चनपुर, महाकाली सिंचाई आयोजनामा कार्यरत **इन्जिनियर मोहनराम टेलर**ले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को (क) बमोजिम आयोजनाको सम्भाव्यता अध्ययन गर्दा वा नर्म्स तयार गर्दा पुष्टयाइँको आधार विना अस्वाभाविक किसिमबाट बढी काम वा लागत देखाउने कसूरमा बिगो रु.१६,३५,०००।—(सोह्र लाख पैतीस हजार रुपैयाँ) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिने र दिनेश मोटर्श प्रा.लि. का **संचालक राजिव हमाल**को हकमा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम राष्ट्रसेवक बाहेक अरु कुनै व्यक्तिले आफू वा अरु कुनै व्यक्तिलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले नेपाल सरकार वा सार्बजनिक संस्थासमक्ष गरेको डिलरशिपको शर्त उल्लघंन गरी प्रचलित कानुनद्वारा निषेधित तवरबाट व्यवसाय गरेको कसुरमा बिगो रु.१६,३५,०००।—(सोह्र लाख पैतीस हजार रुपैयाँ) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुन मागदावी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी